| | | |
|---|---|---|
| श्री सैनिक आवासीय महाविद्यालय, *सल्लाघारी, भक्तपुर* | www.bsamv.edu.np | *०१-६६१०८७२* |
| श्री सैनिक आवासीय महाविद्यालय, *फुलबारी, पोखरी* | www.sampokhara.edu.np | *०६१-५७७७४६* |
| श्री सैनिक आवासीय महाविद्यालय, *धरान, सुनसरी* | www.samdharan.edu.np | *०२५-५३६१५५* |
| श्री सैनिक आवासीय महाविद्यालय, *मंगलगढी, सुर्खेत* | www.sams.edu.np | *०८३-५२५५९१* |
| श्री सैनिक आवासीय महाविद्यालय, *तेघरी, कैलाली* | www.samt.edu.np | *०९१-५५११९५* |
| श्री सैनिक आवासीय महाविद्यालय, *चैनपुर, चितवन* | www.samc.edu.np | *०५६-५८३८०३* |
| श्री सैनिक आवासीय महाविद्यालय, *बर्दिवास, महोत्तरी* | www.sambm.edu.np | *०४४-५९०१०४* |
| श्री सैनिक आवासीय महाविद्यालय, *बुटवल, रुपन्देही* | www.samb.edu.np | *०७१-५९१५३१* |
| श्री विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय, *विजेश्वरी, काठमाण्डौं* | www.bgmsm.edu.np | *०१-५३७१४९८* |
| श्री रिपूमर्दिनी सैनिक महाविद्यालय, *बांसबारी, काठमाण्डौं* | www.rsmv.edu.np | *०१-४३७४३३५* |
| श्री श्वेततारा पूर्व प्राथमिक सैनिक विद्यालय, *छाउनी, काठमाण्डौं* | www.smsv.edu.np | *०१-५३८५९८५* |

# विद्यार्थी भर्ना सम्बन्धी सूचना

आगामी शैक्षिक सत्र २०८३ मा सैनिक आवासीय महाविद्यालय भक्तपुर, पोखरा, धरान, सुर्खेत, कैलाली, चितवन, बर्दिवास र बुटबलका लागि कक्षा ६, विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालय तथा रिपूमर्दिनी सैनिक महाविद्यालयका लागि कक्षा १ मा नेपाली सेनाका सकलदर्जा (बहालवाला तथा भू.पू. सैनिक) तथा गैरसैनिक व्यक्तिका छोरा/छोरीहरु एवम् श्वेततारा पूर्व प्राथमिक सैनिक विद्यालयका लागि पूर्व प्राथमिक (Play Group) तहमा नेपाली सेनाका सकलदर्जा (बहालवाला तथा भू.पू. सैनिक) का छोरा/छोरीहरुलाई अनुशासित वातावरणमा अंग्रेजी माध्यमबाट अध्ययन गराउन इच्छुक विद्यार्थीहरुको भर्नाको लागि नियमानुसार दरखास्त आह्वान गरिन्छ। दरखास्त फाराम सार्वजनिक बिदाको दिन बाहेक नियमानुसार शुल्क तिरी आफूले अध्ययन गर्न चाहेको महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयबाट वा वेवसाइटबाट पनि डाउनलोड गरी प्राप्त गर्न सकिनेछ।

**भर्नाको लागि आवश्यक न्यूनतम योग्यता**

(क) नेपाल सरकारको मान्यताप्राप्त विद्यालयबाट २०८२ सालमा कक्षा ६ का लागि कक्षा ५ को र कक्षा १ का लागि UKG/SKG को वार्षिक/अर्धवार्षिक/दोस्रो/तेस्रो त्रैमासिक परीक्षामा एग्रीगेटमा कम्तीमा ५०% अंक (न्यूनतम C+ ग्रेड वा GPA 2.4) प्राप्त गरेको अथवा पूर्व प्राथमिक तहको मान्यता अनुसारको ग्रेडसिट (Progress Report) मा सबै विषयहरुमा उत्तीर्ण भएको हुनुपर्नेछ।

(ख) उमेरको हकमा २०८३ साल वैशाख १ गतेलाई आधार मानी कक्षा ६ का लागि ९ वर्ष पूरा भई १२ वर्ष ननाघेको र कक्षा १ को हकमा ४ वर्ष पूरा भई ७ वर्ष ननाघेको हुनुपर्नेछ (श्वेततारा पूर्व प्राथमिक सैनिक विद्यालयको हकमा सैनिकतर्फ Playgroup को लागि २ वर्ष पूरा भई २ वर्ष ६ महिना ननाघेको हुनुपर्नेछ)।

(ग) भर्ना हुनको लागि महाविद्यालयद्वारा सञ्चालन गरिने लिखित प्रवेश परीक्षा (प्लेग्रुप बाहेक तथा कक्षा १ को हकमा Assessment प्रक्रिया) उत्तीर्ण भई योग्यताक्रम अनुसार दोस्रो चरणका लागि छनौट हुनुपर्ने र अन्तर्वार्ता एवम् साधारण स्वास्थ्य परीक्षणमा समेत उत्तीर्ण हुनुपर्नेछ।

**पेस गर्नुपर्ने कागजातहरू**

(क) कक्षा ६ का लागि कक्षा ५ को, कक्षा १ का लागि UKG/SKG को २०८२ सालको वार्षिक/अर्धवार्षिक/दोस्रो/तेस्रो त्रैमासिक परीक्षाको लब्धाङ्कपत्रको प्रमाणित प्रतिलिपि - १

(ख) विद्यार्थीको उमेर समेत उल्लेख भएको चारित्रिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि - १

(ग) स्थानीय पञ्जिकाधिकारीबाट प्रमाणित जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि - २

(घ) हालसालै खिचिएको तस्बिर - २ प्रति (पासपोर्ट साइज - १ र अटो साइज - १)

(ङ) बहालवाला सैनिकका छोरा/छोरीको हकमा सम्बन्धित युनिटपतिद्वारा प्रमाणित सन्तानको जन्ममिति खुलेको सिफारिसको सक्कल पत्र - १ वा भू.पू. सैनिकका छोरा/छोरीको हकमा पेन्सनपट्टाको प्रतिलिपि - १

- अन्तिम प्रवेश परीक्षाबाट उत्तीर्ण भई भर्नाका लागि छनौट भएका उम्मेदवारहरूले भर्ना हुनु पूर्व सम्बन्धित कक्षा उत्तीर्ण गरेको प्रमाणपत्रहरू (स्थानान्तरण प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र र लब्धाङ्कपत्र) अनिवार्य रूपमा महाविद्यालयको परीक्षा शाखामा पेस गर्नुपर्नेछ। साथै, IEMIS Transfer पनि अनिवार्य रुपमा गराउनु पर्नेछ।
- सैनिक सकलदर्जा तथा महाविद्यालय स्टाफ कोटातर्फ एक दम्पति एक सन्तति एक तहको नीति कायम भएकाले कुनै हिताधिकारीको एकजना सन्ततिले एक तहमा दर्जागत सहुलियतमा अध्ययन गरे पश्चात् सोही तहमा दोस्रो सन्तानलाई सहुलियत प्रदान गरिने छैन तर गैरसैनिक (खुल्ला समूह) सरह पूर्ण शुल्क तिर्ने गरी अध्ययन गर्न चाहेमा भने मौका प्रदान गर्न सकिनेछ।
- नेपाली सेनामा कार्यरत रहँदा वीरगतिप्राप्त गरेका, नियममा सुविधा पाउने भनी उल्लेख गरिएका र फरक क्षमता भएका सैनिक सकलदर्जाका छोराछोरीहरूलाई समेत नियमानुसार अध्ययन गर्न पाउने व्यवस्था मिलाइएको हुँदा भर्ना हुन इच्छुक विद्यार्थीहरुले फाराम दर्ता गर्न सक्नेछन्।

१. विजेश्वरी ज्ञान मन्दिर सैनिक महाविद्यालयमा कक्षा १ (सैनिक तथा गैरसैनिक कोटातर्फ) को हकमा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नै नयाँ छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन गर्न इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन्।

२. रिपूमर्दिनी सैनिक महाविद्यालयमा कक्षा १ (सैनिक तथा गैरसैनिक कोटातर्फ) मा तल उल्लेखित परीक्षा कार्यक्रम अनुसार नयां छात्र-छात्राहरु भर्ना लिने व्यवस्था मिलाइएको हुंदा अध्ययन गर्न इच्छुक उम्मेदवारले पनि विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन्।

३. सैनिक आवासीय महाविद्यालय, बर्दिवास, महोत्तरीमा कक्षा ६ (गैरसैनिक कोटातर्फ) मा मधेश-प्रदेशका आर्थिक अवस्था कमजोर भएका जेहेन्दार विद्यार्थीहरुलाई विशेष छात्रवृत्तिको व्यवस्था भएकोले अध्ययन गर्न इच्छुक उम्मेदवारले विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालयमा सम्पर्क राख्न सक्नेछन्।

**प्रवेश परीक्षा सम्बन्धी कार्यक्रम**

**फाराम वितरण तथा दर्ता मिति** : २०८२ चैत्र ०१ गतेदेखि २०८२ चैत्र १८ गते (बिहान १०:०० बजेदेखि अपराह्न ४:०० बजेसम्म, सार्वजनिक बिदाको दिन बाहेक)।

**लिखित प्रवेश परीक्षा** : २०८२ चैत्र २१ गते शनिवार अपराह्न १:०० बजे (सम्बन्धित महाविद्यालय/विद्यालय)।

*विस्तृत जानकारीका लागि सम्बन्धित महाविद्यालय/विद्यालयको प्रिन्सिपल कार्यालयमा सम्पर्क राख्न सकिनेछ।*

\- नि. प्रिन्सिपल